आज मिति २०८२।०५।१२ गते यस आठबीस नगरपालिकाका नगर प्रमुख श्री तर्क बहादुर बडुवाल ज्यूको अध्यक्षतामा तथा देहायका पदाधिकारीज्युहरुको उपस्थितिमा आठबीस नगरपालिकाको नगर कार्यपालिकाको १२१ औं बैठक बसी देहायका निर्णयहरु गरियो ।

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तर्क बहादुर बडुवाल | नगर प्रमुख | |
| २ | कल्पना कुमारी थापा चन्द | नगर उप प्रमुख | |
| ३ | बम बहादुर रावत | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | कलम कामी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | नगेन्द्र राज कार्की | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | टेक बहादुर माझी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | बजर सिंह वि क | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | नवराज शर्मा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | जैसिङ्ग कठायत | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | अदल शाही | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | शेर बहादुर सिजापति | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | विरेन्द्र बहादुर सावद माझी | कार्यपालिका सदस्य | |
| १३ | हरिकला माझी | कार्यपालिका सदस्य | |
| १४ | हजुरा भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | विर बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | सेतु नेपाली | कार्यपालिका सदस्य | |
| १७ | तारा विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | विमला वि क | कार्यपालिका सदस्य | |
| १९ | दयाराम वि क | कार्यपालिका सदस्य | |
| २० | बिनोद कुमार माझी | सचिव | |
| २२ | टिकाराम कठायत - ७ | का. वा. वडा अध्यक्ष - ७ | |
| २३ | नम बहादुर बडुवाल - ८ | का. वा. वडा अध्यक्ष - ८ | |
| | | | |
| | | | |

## आठबीस नगरपालिकाको मिति २०८२ भाद्र १२ गते बसेको १२१ औं बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु:**

१. आठबीस नगरपालिकाको "शिक्षक दरबन्दी मिलान, तह मिलान र काज सरुवा सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गर्ने सम्बन्धमा।

२. आठबीस नगरपालिकाको "रिक्त दरवन्दीमा सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गर्ने सम्बन्धमा।

३. आठबीस नगरपालिकाको "बार्षिक कार्ययोजना, २०८२" स्वीकृत गर्ने सम्बन्धमा।

४. आधारभूत स्वास्थ्य संस्थाहरमा कार्यरत अहेव र अनमीहरुको समान तलबमान कायम गर्ने सम्वन्धमा।

५. नगरपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी, वडा कार्यालयहरुमा कार्यरत कार्यलय सहयोगी र स्वास्थ्य संस्थामा कार्यालय सहयोगी तथा स्वीपरको तलबमान सम्बन्धमा।

६. चालु आर्थिक वर्ष २०८१/०८२ का योजनाहरु सम्झौता गर्ने सम्वन्धमा।

७. ४ नं. वडा कार्यालय भवनको हल व्यवस्थापन गर्ने समवन्धमा ।

८. जनज्योती माध्यामिक विद्यालय राकमकर्णालीको प्राविधिक शिक्षा सुदृढीकरण तथा निरन्तरता दिने सम्बन्धमा ।

९. मष्टा आधारभूत विद्यालय आठबीस नगरपालिका-३ अम्तोलाको नाममा जग्गा नामसारी प्रक्रियाको लागि श्री जिल्ला प्रशासन कार्यालय, दैलेखलाई अनुरोध गर्ने सम्वन्धमा।

१०. मष्टा आधारभूत विद्यालय आठबीस नगरपालिका-३ अम्तोलाको नाममा जग्गा गर्दा लाग्ने राजस्व छुटको लागि श्री मालपोत कार्यालय दुल्लु, दैलेखलाई अनुरोध गर्ने सम्बन्धमा।

११. नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा।

१२. कार्यदल गठन गर्ने सम्बन्धमा।

**निर्णयहरु**

१. बैठकमा प्रस्तुत भएको "आठबीस नगरपालिकाको शिक्षक दरबन्दी मिलान, तह मिलान र काज सरुवा सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गर्ने।

२. बैठकमा प्रस्तु भएको "आठबीस नगरपालिकाको रिक्त दरबन्दीमा सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत गर्ने।

३. बैठकमा प्रस्तुत भएको "आठबीस नगरपालिकाको बार्षिक कार्ययोजना स्वीकृत, २०८२" स्वीकृत गर्ने।

४. यस आठबीस नगरपालिकाको कार्यलय अन्तर्गत वडा नं. ३, ७ र ९ मा संचालनमा रहेका आधारभूत सस्थाहरुमा कार्यरत अहेव र अनमीहरुको नेपाल सरकारले तोकेको समान पद र समान तहका कर्मचारीहरुलाई खाईपाइ आएको तलब बरावर मिति २०८१ साउन १ गते देखि समान तलबमान कायम गर्ने।

५. आठबीस नगरपालिका नगरकार्यापालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यालय सहयोगीहरुको नेपाल सरकारले तोकेको समान पद र समान तहका कर्मचारीहरुलाई खाईपाइ आएको तलब बरावर मिति २०८१ साउन १ गते देखि समान तलबमान कायम गर्ने। साथै कार्यालय सहयोगी बाहेकका स्वीपर र मालीहरु नेपाल सरकारले तोकेको दैनिक ज्यालादारी पदमा नियुक्ति गरी कामकाजमा लगाउने।

६. यस आठबीस नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिका भित्र उपभोक्ता समिति र विद्यालय व्यवस्थापन समितिबाट कार्यन्वयन हुने योजनाहरुको उपभोक्ता समिति गठन गरी मिति २०८२ मंसिर मसान्त भित्र सम्झौता गर्ने।

७. यस आठबीस नगरपालिका वडा नं. ४ गैराखेतमा रहेको ४ नं. वडा कार्यालय भवनको हल नगरकार्यापलिको बैठक संचालन र नगरपालिकामा संचालन हुने तालिम/ गोष्ठी लगायत अन्य कामकाजको लागि व्यवस्थापन गरी संचालन गर्ने।

८. यस आठबीस नगरपालिका वडा नं. ४ स्थित श्री जनज्योती माध्यामिक विद्यालय राकमकर्णालीमा प्राविधिक धार संचालित हुदै आएकोमा नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्राविधिक शिक्षा सुदृढीकरण शिर्षकमा बजेट विनियोजन गरेकोले उक्त बजेटबाट प्राविधिक धारमा अध्यापन गराउनको लागि इन्जिनियर र सव इन्जिनियर विज्ञापन तथा नियुक्तिको लागि अनुमति दिने।

९. यस आठबीस नगरपालिका वडा नं. ३ स्थित श्री मष्टा प्राथमिक विद्यालय अम्तोला दैलेखको पत्र संख्या २०८२/०८३, चलानी नं. १६ र मिति २०८२।०५।१२ गते प्राप्त पत्रानुसार साविक सिगौडी गा. वि. स. ७ हाल आठबीस नगरपालिका वडा नं. ३ स्थित श्री नन्दाराम जैसीको नाती, श्री शिद्धलाल जैसीको छोरा, श्री कासीराम जैसीको नाममा रहेको कित्ता नं. ८७६ को क्षेत्रफल ७१० वर्गमिटर जग्गा उल्लेखित विद्यालयको नाममा निशुल्क नामसारी गर्न इच्छुक भएकाले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी

CamScanner

(पहिलो संसोधन) कार्यनीति, २०८२ को दफा ५ को उपदफा २(१) बमोजिमको समितिद्वारा जग्गा नामसारीको प्रक्रियाको लागि श्री जिल्ला प्रशासन कार्यालय, दैलेखलाई अनुरोध गर्ने।

१०. यस आठबीस नगरपालिका वडा नं. ३ स्थित श्री मष्टा प्राथमिक विद्यालय अम्तोला दैलेखको पत्र संख्या २०८२/०८३, चलानी नं. १६ र मिति २०८२।०५।१२ गते प्राप्त पत्रानुसार साविक सिगौडी गा. वि. स. ७ हाल आठबीस नगरपालिका वडा नं. ३ स्थित श्री नन्दाराम जैसीको नाती, श्री शिद्धलाल जैसीको छोरा, श्री कासीराम जैसीको नाममा रहेको कित्ता नं. ८७६ को क्षेत्रफल ७१० वर्गमिटर जग्गा उल्लेखित विद्यालयको नाममा निशुल्क नामसारी गर्न इच्छुक भएकाले उक्त जग्गा नामसारी गर्दा लाग्ने राजश्व दस्तुर छुट गरिदिनको लागि श्री मालपोत कार्यालय दुल्लु, दैलेखलाई अनुरोध गर्ने।

११. यस आठबीस नगरपालिका नगर शिक्षा समितिको मिति २०८२।०४।१७ गते बसेको नगर शिक्षा समितिको निर्णयहरु अनुमोदन गर्ने।

१२. आठबीस नगरपालिकाको "शिक्षक दरबन्दी मिलान, तह मिलान र काज सरुवा सम्बन्धी कार्यविधि, २०८२" को दफा ५ बमोजिम देहायबमोजिमको विद्यालय तह मिलानको लागि सोही कार्यविधिको दफा ७ बमोजिम तपसिल बमोजिमको कार्यदल गठन गर्ने।

<u>देहाय</u>

| | |
|---|---|
| क) श्री शिक्षा शाखा प्रमुख, जगत कुमार दशौंदी | -संयोजक |
| ख) श्री शिक्षक महासंघ अध्यक्ष, | -सदस्य |
| ग) श्री प्रशासन सहायक, राजेन्द्र जोशी | -सदस्य सचिव |

CamScanner